म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५१ बुधबार २५ पुस २०८० ने. सं. ११४४ थिल्लागा 10 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सुत्केरीलाई पोषण सामग्री

हेटौंडा, २४ पुस/थाहा नगरपालिका-३ का सुत्केरी महिलालाई पोषण सामग्री वितरण गरिएको छ । सोमबार ३ नम्बर वडाभित्रका ६ जना सुत्केरी महिलालाई पोषण सामग्री वितरण गरिएको वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझीले बताए ।

रायमाझीका अनुसार सुत्केरी महिलालाई घ्यू, जेरी, गुदपाकलगायतका १३ सय रुपैयाँ बराबरको पोषण सामग्री दिइएको हो । वडाअध्यक्ष रायमाझीले स्वास्थ्यक्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । अध्यक्ष रायमाझीले भने, 'हामीले स्वास्थ्यक्षेत्रलाई प्राथमिकतामा राखेका छौं ।', त्यसमा पनि महिला, बालबालिकाको स्वास्थ्यलाई ध्यान दिएर अघि बढिरहेका छौं, बालबालिकालाई कुपोषण लाग्न दिने छैनौं ।', बालबालिकालाई कुपोषण लाग्न नदिने अभियानकासाथ अगाडि बढिरहेको उनले बताए । यसअघि थाहाका विभिन्न वडाले सुत्केरी महिलालाई पोषण सामग्री वितरण गर्दै आएको छ ।

# मकवानपुरका दुईजना बेपत्ता पारेको आरोपित 'तपस्वी' बम्जन पक्राउ

निशा गुरुङ



हेटौंडा, २४ पुस/कुनै समय लिटिल बुद्ध भनेर चिनिएका 'तपस्वी' रामबहादुर बम्जनलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बूढानीलकण्ठबाट मंगलबार साँझ पक्राउ गरेको सीआईबी प्रमुख (प्रहरी अतिरिक्त महानिरीक्षक) एआईजी किरण बज्राचार्यले जानकारी दिइन् ।

बम्जनमाथि बारा, सर्लाही, नुवाकोट र मकवानपुरबाट आश्रम आएका युवतीलाई बलात्कार गरेको आरोप छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा फूलमाया रुम्बा र कर्म वाइबालगायतका अनुयायी बम्जनको आश्रमबाटै हराएको भनेर उजुरी परेपछि बम्जनविरुद्धका आरोप थियो । आश्रममा बस्ने गरेका दुईजना अनुयायी खोजीका लागि उजुरी परेकाले उनको आश्रममा प्रहरीले यसअघि पनि छापा मारेको थियो । तीव्ररुपमा बम्जनको आश्रमस्थलमा प्रहरीले निगरानी बढाइरहेको थियो । बम्जनको बुढानीलकण्ठस्थित निवासमा एक महिनादेखि प्रहरीले निगरानी गरिरहेको थियो ।

मकवानपुरकी फूलमाया रुम्बाका भाइ विजय रुम्बा र सञ्चलाल वाइबाका छोरा महेन्द्र वाइबाले बम्जनविरुद्ध प्रहरीमा उजुरी दिएका थिए । त्यस्तै, बाराका हस्तबहादुर आलेमगर र नुवाकोटकी गंगामाया तामाङ पनि बेपत्ता पारिएको आरोप बम्जनमाथि लागेको छ । बारामै केही स्थानीयमाथि हातपात गरेको आरोपमा उजुरी आएपछि २०६६ मा बम्जनमाथि प्रहरीले अनुसन्धान सुरु गरेको थियो । २०६८ मा करिब तीन महिनासम्म दुईजना विदेशी महिलालाई बन्धक बनाएको आरोपपछि बम्जन प्रहरीको चर्को निगरानीमा रहेका थिए । तर, बम्जनलाई पक्राउ गर्न प्रहरी असमर्थ देखिएको थियो ।

ललितपुरस्थित एक सामुदायिक रेडियो कार्यालयमा १८ वर्षीय गंगामाया तामाङले पत्रकार सम्मेलन गर्दै बम्जनले आफूमाथि बलात्कार गरेको आरोप लगाएकी थिइन् । बमजनले बाराको रतनपुर गाउँनजिकैको हलखोरिया जंगलको ठूलो रुखमुनी बसेर २०६१ मा तपस्या सुरु गरेका थिए । उनले मुलुकको विभिन्न ठाउँमा आश्रम बनाउँदै आफ्नो वासस्थानसमेत फेरि रहने गरेका थिए । 'लिटिल बुद्ध' भनी प्रचारित बम्जन पाँच वर्षदेखि अर्धभूमिगत बनेका थिए । उनी सम्पर्कविहीन भएपछि उनको खोजीमा सीआईबीको टोली ४ असार २०७७ मा तालिमप्राप्त कुकुरसहित सिन्धुलीको आश्रम पुगेको थियो ।

तर, त्यो समय प्रहरी रित्तोहात फर्किन बाध्य भयो । बम्जनले सिन्धुलीको कमलामाई नगरपालिका-८, पैरेनीस्थित २० रोपनीभन्दा बढी क्षेत्रफलभित्र सुविधासम्पन्न आश्रम बनाएका छन् । आश्रमभित्र आफ्ना लागि छुट्टै दरबार निर्माण गरेका छन् । बम्जनको आश्रममा छिरेका प्रहरी अधिकारीका अनुसार, उनले आफ्ना लागि आश्रमभित्र स्वीमिङ पूल, जिमखानादेखि अन्य धेरै निजी सुविधासम्पन्न संरचना निर्माण गरेका थिए । आश्रमको चारैनाकामा उनले निजी सुरक्षा चेक पोस्टसमेत राखेर सुबिधाभोगी बनेका थिए ।

बम्जनमाथि २० साउन २०७३ मा आश्रममा आएका तीन युवतीलाई प्रलोभनमा पारेर यौनशोषण र बलात्कारपछि बेपत्ता पारेको आरोप छ । त्यही आरोपको तीन वर्षपछि सर्लाही प्रहरीमा पीडितका परिवारले किटानी जाहेरी दिएका थिए । जाहेरीपछि पनि पक्राउ नपरेका बम्जनलाई जिल्ला अदालत सर्लाहीले हाजिर हुन भन्दै त्यहीबेला ३५ दिने म्यादसहितको आदेश दिएको थियो । तर, बम्जन अदालतमा हाजिर भएनन् ।

सर्लाही जिल्ला अदालतले २०७६ माघमा पहिलोपटक उनी विरुद्ध पक्राउ पुर्जी जारी गरेको हो । प्रहरीले २१ असार २०७७ मा उनीविरुद्धको अनुसन्धान प्रतिवेदन सर्लाही जिल्ला वकिल कार्यालय हुँदै जिल्ला अदालत पठाएको थियो । प्रहरीले बम्जनका आश्रमबाट यसअघि शब गलाउन प्रयोग गरिएका केमीकल सहित नुनका ढिकाहरु बरामद गरेको बताइएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र प्रहरीले सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-६ बाडेगाउँ र सिन्धुलीको कमलामाई नगर पालिका-८ पैरेधापसार आश्रममा छापा मार्‍यो । प्रहरीले बम्जनको आश्रमलाई अनुसन्धानको लागि भन्दै घेराबन्दीसमेत गरेको थियो । अनुसन्धानको लागि भन्दै सिन्धुलीबाट २ अनुयायी प्रहरीले पक्राउ गरेको थियो । तर, बम्जन प्रकरणबारे प्रहरीले अहिलेसम्म न ठोस तथ्य भेट्न सकेको थियो, न त खुलेरै लाग्न ।

बाराको रतनपुरीमा वि.सं २०४६ चैत २७ का दिन जन्मिएका विवादास्पद तपस्वी तथा बौद्धधर्मका गुरु, जसले गौतम बुद्धको पुनर्जन्मको कारण व्यापक ध्यान र सञ्चारमाध्यममा लोकप्रियता कमाएका थिए । आफ्नो नामदेखि लगाई खुवाई बेलाबेलामा परिवर्तन गरिरहने बम्जन हाल महासम्बोधि गुरु धर्मसंघको नामले परिचित छन् । उनको धार्मिक संगठन बोधिश्रवण धर्म संघका अध्यक्ष नीलबहादुर थिङका अनुसार रामबहादुरदेखि धर्मसंघ बन्नेसम्मको बीचमा उनले आफूलाई तपस्वी पनि भन्ने गरेका थिए ।

बम्जनको सिन्धुपाल्चोक आश्रमबाटै हराएका भनिएका सञ्चलाल वाइबाको छोरा महेन्द्रले बाबु हराएको भनी जिल्ला प्रहरी कार्यालयका उजुरी गरेपछि बम्जन प्रकरणको रहस्य झनै संबेदनशील बन्दै गएको थियो । बम्जनले सञ्चलाललाई आश्रममै हत्या गरी बेपत्ता पारेको प्रमाणनजिक पुगेको प्रहरीले बताउँदै आएको थियो । तर, पछिल्लो सयम प्रहरीले बम्जनबारे अनुसन्धानकै क्रममा रहेको बताइरहेको थियो । यो धार्मिक बिषय पनि भएकाले गंभीर रुपमा अध्ययन गरेर मात्र एक्सनमा उत्रने तयारीमा प्रहरी लागेको थियो ।

# हेटौंडामा 'काँडेतार'को विशेष प्रदर्शनको तयारी

साझाकुरा संवाददाता




हेटौंडा, २४ पुस/हेटौंडामा नेपाली चलचित्र काँडेतारको विशेष प्रदर्शन हुने भएको छ । सामना फिल्मस् प्रालिको आयोजनामा आगामी पुस २७ गते चलचित्र काँडेतार प्रदर्शन हुन लागेको हो ।

मंगलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै चलचित्रका निर्देशक नवल खड्काले खुलासीमाका कारण झडपमा परि मृत्यु भएका परिवार तथा घाइतेहरुको लागि सहयोगार्थ च्यारिटी शो गर्न लागिएको बताए । देशको माटो र नेपाली मान्छे जोगाउनु पर्छ भन्ने भाव चलचित्रमा रहेको भन्दै खुल्लासीमानाका कारण निम्त्याइएको समस्या चलचित्रको कथासार रहेको निर्देशक खड्काले बताए । देशको ६० भन्दा बढी शो प्रदर्शन गरि सकेको र आगामी फागुन २७ गते चलचित्र देशभर प्रदर्शन हुने खड्काले बताए ।

च्यारेटी शो भने आगामी पुस २७ गते नारायणी मलस्थित एनएस सिनेमा हलमा दिउँसोको शोमा काँडेतार प्रदर्शन गरिने निर्देशक खड्काले बताएका छन् । नेपाल भारतको सीमा विवाद, सीमामा हुने झैझगडाको विषयमा चलचित्र निर्माण गरिएको बताउँदै चलचित्रलाई सत्यकला राई, मकिको राई र अञ्जु केसी निर्माताको रुपमा रहेका जनाइएको छ । चलचित्रमा नवल खड्का, गौरव पहारी, सुरविना कार्की, रेविका गुरुङ, मुरलीधर, प्रशान्त यादव, प्रेम सुब्बा लगायतको कलाकारको अभिनय रहेको चलचित्रलाई नवल खड्काको कथा तथा निर्देशन रहेको छ ।

कविराज गहतराजको नृत्यनिर्देशन, श्री श्रेष्ठको द्वन्द्व, तारा थापा (किम्भे) र बन्देप्रसादको सम्पादन रहेको चलचित्रलाई सौरव लामाले खिचेका हुन् । चलचित्र पत्रकार संघ नेपाल मकवानपुरका अध्यक्ष कपील खड्काको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा चलचित्रका कलाकार प्रशान्त यादव, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, कलाकार सुशान्तकुमार श्रेष्ठ लगायतले शुभकामना व्यक्त गरेका थिए ।

# पालुङ बहुमुखी क्याम्पसमा साहित्यिक अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/पालुङ बहुमुखी क्याम्पसले साहित्यिक अन्तरक्रिया कार्यक्रम गरेको छ । वरिष्ठ साहित्यकार डा. नवराज लम्सालको उपस्थितिमा कार्यक्रम भएको हो ।

थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली र नाट्यविधाका प्राज्ञ पुरु लम्सालको विशेष उपस्थिति रहेको कार्यक्रममा साहित्यकारहरु, प्राध्यापक, विद्यार्थी, पालुङ जेसीज, लायन्स क्लव अफ थाहा पिस, लियो क्लव अफ पिस थाहाका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा डा. लम्सालले विद्यार्थीलाई साहित्य क्षेत्रमा लाग्न प्रेरित गर्दै साहित्य के, किन र कसका लागि भन्ने विषयमा प्रष्ट पारेका थिए ।

त्यसैगरी प्राज्ञ लम्सालले स्थानीयतालाई साहित्यमा जोड्न सके जीवन्त हुनेमा जोड दिए । लम्साल र साहित्यकार विर्खे अञ्जानले स्थानीय प्रज्ञाप्रतिष्ठान गठन गर्नुपर्नेमा समेत जोड दिए । सो अवसरमा मच्छिन्द्र बहुमुखी क्याम्पसका शेखर कार्कीले साहित्यको महत्वमाथि प्रकाश पारे ।

कार्यक्रममा थाहा नगरका अञ्जान, पालुङे चरो, हरि कृष्ण कार्की, गौतम भद्रध्वज, विरोध रायमाझी, अञ्जय प्रधान, विराज थापा, ईश्वरी कार्कीलगायतले र चनावाचन गरे ।

क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष सुरेन्द्रमान प्रधानले स्वागत गरेको कार्यक्रम क्याम्पसप्रमुख राजन मिश्रको अध्यक्षतामा सम्पन्न भएको थियो । डा. लम्साललाई सम्मानपत्र प्रदान गरिएको थियो भने अतिथि तथा साहित्यकारलाई मायाको चिनो प्रदान गरिएको थियो ।

## फेन्सी पसल बिक्रीमा

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

# पाँचौं बकैया कप फुटबल सुरु, खेलकुदमन्त्रीद्वारा उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा पाँचौं बकैया कप फुटबल प्रतियोगिता सुरु भएको छ । सोमबार युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले प्रतियोगिताको उद्घाटन गरेका छन् ।

मन्त्री लिम्बुले प्रतियोगितासँगै ३ नम्बर वडाको हात्तिसुँढे बजारनजिकै रहेको नवनिर्मित मैदानको पनि उद्घाटन गरेका छन् ।

प्रतियोगिता आयोजना भएको मैदानलाई बकैया रंगशालाको रुपमा विकास गरिने भएको छ । गाउँपालिकाको लगानीमा खोला नजिकै मैदान निर्माण गरिएको हो ।

प्रतियोगितामा बकैया-३ नम्बर वडाले विजयी सुरुवात गरेको छ । बकैया-६ लाई ४-३ को गोल अन्तरले पराजित गर्दै बकैया-३ विजयी सुरुवात गरेको हो । खेलमा बकैया-३ का छेवंग लामा र आयुश नेगीले २-२ गोल गरेका हुन् भने सागर थापाले एक गोल गरे । बकैया-६ को धावा भोम्जन, समिर प्रधान २ सान्तोना गोल गरेका हुन् । खेलमा उत्कृष्ट प्रर्दशन गर्दै बकैया-६ का समिर प्रधान म्यानअफ द म्याच घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता सिनियर टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, उपाधि विजेता जुनिएर टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, विधागत उत्कृष्ट खेलाडीका लागि समेत पुरस्कारको व्यवस्था गरिएको बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामाथिङले जानकारी दिए ।

# थाहा फिल्म फेस्टिभलको हिसाव सार्वजनिक

साझाकुरा संवाददाता



हेटौंडा, २४ पुस/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा गत मंसिर ९ गतेदेखि १५ गतेसम्म भएको थाहा फिल्म फेस्टिभल-२०२३ को आयव्यय विवरण सार्वजनिक गरिएको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण थाहानगरलाई खुला फिल्म सिटीका रुपमा विकाससँगै पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यसहित मङ्सिर ९ गतेदेखि १५ गतेसम्म भएको साताव्यापी फिल्म महोत्सव आयोजनामा भएको खर्चको विवरण सार्वजनिक गरिएको हो । शंकर होटलमा आयोजित पत्रकार सम्मेलन गरी खर्च बिवरण जानकारी दिइयो । फिल्म फेस्टिभलका संयोजक प्रमोदकृष्ण जोशीको अध्यक्षतामा सम्पन्न पत्रकार सम्मेलनमा कार्यक्रमका उपसंयोजक राजिव स्याङ्तानले खर्च विवरण सार्वजनिक गरेका हुन् ।

थाहा कलाकेन्द्रको आयोजनामा भएको फिल्म फेस्टिभलको लागि ३५ लाख रुपैयाँ बजेट अनुमानित गरिएकोमा ३० लाख रुपैयाँ खर्च भएको जानकारी दिइयो । उपसंयोजक स्याङ्तानका अनुसार १० लाख रुपैयाँ थाहा नगरपालिका र १० लाख रुपैयाँ बागमती प्रदेश सरकारको संस्कृति तथा पर्यटन मन्त्रालयबाट बिनियोजित भएको र अन्य प्रायोजकहरुबाट १५ लाख उठ्ने अनुमानित गरिएको थियो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चेपाङलाई लालपुर्जा

मकवानपुरको राक्सिराङ र मनहरी गाउँपालिकामा २०३४ साल भन्दा अगाडिदेखि बसोबास गर्दै आइरहेका ६५ जना चेपाङ परिवारलाई भूस्वामित्व प्रदान गर्नका लागि राजनीतिक सहमति जुटेको छ । यद्यपि, लालपुर्जा प्रदान गर्नेगरी प्रक्रिया अघि बढाउन बाँकी छ । राक्सिराङ गाउँपालिकाको चैनपुरमा आयोजित अन्तरक्रियामा विभिन्न कालखण्डमा भएका निर्णय र भूमिहिनको माग बमोजिम लालपूर्जा बितरण गर्न लागिएको बताइएको छ । तत्कालीन राजा बीरेन्द्रले प्रजा विकास कार्यक्रमको सुरुवात गरी बिशेष कार्यक्रम संचालन गर्न आदेश दिएका थिए । चेपाङ समुदायको नाममा जग्गा खरिद गरी चेपाङ परिवारलाई बितरण गरिएको जग्गाको स्वयम् जग्गाधनीलाई नै लालपुर्जा दिन सरोकारवाला तयार देखिएका हुन् । प्रजा विकास कार्यक्रमअन्तर्गत राक्सिराङ गाउँपालिका-५ चैनपुर, ठाडेचुरी, राक्सिराङ गाउँपालिका-३ को घट्टेखोला, राक्सिराङ गाउँपालिका-७ को गर्लिङ र मनहरी गाउँपालिका-७ को प्याङ्चे र मनहरी गाउँपालिका-८ को मुस्लेमा जग्गा खरिद गरी चेपाङलाई बितरण गरी बस्ती स्थापना गरिएको थियो ।

चेपाङ समुदाय विकासको मूलप्रबाहमा पछाडि परेका कारण बिगतका सरकारले बिशेष कार्यक्रम संचालन गरेको थियो । तर, चेपाङको भूमिको समस्या जस्ताको तस्तै देखिएको छ । कतिपय चेपाङले नेपाली नागरिकताको प्रमाणपत्र पाउन समेत सकेका थिएनन् । कतिपय प्रमुख जिल्ला अधिकारीले आदिबासी जनजाति समुदाय चेपाङलाई नागरिकता दिनका लागि गाउँघरमै शिबिर पनि संचालन गरेका थिए । नेपाली नागरिकताको प्रमाणपत्र पाएपछि उनीहरुले बैंक तथा बित्तीय संस्थामा कारोबार गर्न, जग्गाजमिनको स्वामित्व पाउन, बिभिन्न उपभोक्ता समितिमा रहेर आफ्नो गाउँटोलको विकास गर्न आवसर पाएका छन् । कूल १० बिगाह १० कठ्ठा १६ धूर र २७ रोपनी ९ आना १३ पैसा जग्गा खरिद गरी तत्कालीन प्रजा विकास कार्यक्रमअन्तर्गत ६५ घर परिवार चेपाङलाई उपलब्ध गराइएको तत्कालीन जिल्ला विकास समितिले जनाएको छ । ओढारमा जीवन बिताउँदै आएका चेपाङलाई नयाँ घर बनाइदिए पनि चेपाङहरुले त्यो घर प्रयोगमा ल्याएका थिएनन् । घरभित्र भूतप्रेतको बास हुन्छ भनेर बस्न नमानेका चेपाङ समुदाय अहिले आफ्नै घरमा बसोबास गरिरहेका छन् ।

ओढारमा जीवनयापन गर्ने परिबार अहिले गाउँमा भेटिँदैन । उनीहरुको जनजीवन अहिले सुधारोन्मुख छ । सरकारी अधिकारीहरुले पटकपटक चेपाङबस्तीको अनुगमन गरिसकेका छन् । उनीहरुलाई लालपुर्जा दिने कुरामा सबै सहमत छन् तर, नेपालको प्रक्रिया नै झन्झटिलो भएका कारण समस्या आइरहेको बताइएको छ । अब गाउँपालिकाले गाउँसभाबाट पास गरेर चेपाङलाई लालपूर्जा दिने बिषय जिल्लासभामा पठाउनुपर्ने र जिल्ला समन्वय समितिले प्रक्रिया अघि बढाएर जतिसक्दो छिटो पुर्जा दिनका लागि पहल गर्ने बताइएको छ । चेपाङ विकास कार्यक्रमलाई रोक्ने र चेपाङ संरक्षित क्षेत्र घोषणा गरी थप बजेट व्यवस्थापन गर्ने कार्यलाई रोकेर सरकारले अन्याय गरिरहेको चेपाङ अगुवाहरुले बताएका छन् । चेपाङलाई भूस्वामित्व प्रदान गर्नका लागि सबै क्षेत्र, तहबाट भइरहेको प्रयासले मूर्तरुप लिनु जरुरी छ । चेपाङ संरक्षित क्षेत्र घोषणा गर्ने कुरा र चेपाङ समुदायले सहुलियत पाउने कुरामा प्रदेश सरकार र संघीय सरकार चुकेको गुनासो उनीहरुले गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २६ गते बिहीबार ११ जनवरी २०२४ । औंशी, पौष कृष्णपक्ष । थिंलागा ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२५ । गयामौनी कोका-कौषिका एकादशी

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासूग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# त्रिवि सुधार्न चाहिने तीन कुरा



**साजन तामाङ**

एक्काइसौं शताब्दीको पहिलो दशकमा विश्वभरका उच्च शैक्षिक संस्थानहरू अधुरो रहेको वा पूर्णरुपमा कुशल शैक्षिक संस्थान नरहेको भन्दै बहस सुरु भएको थियो । अधुरा उच्च शैक्षिक संस्थानहरू पूर्ण हुन कुन-कुन तत्व वा आधारले बाधा पुऱ्याउँदछ भन्ने प्रश्नमा ब्रुसोन र शहि्लन एण्डर्सनले तीन तत्वहरूलाई उल्लेख गरेका थिए ।

उक्त तीन तत्वहरू हुन्ह पहिचान (आइडेन्टिटी), तहगत प्रणाली (हाइरार्की) र तर्कशक्ति (र्‍यासनालिटी) । सन् १९९० को दशकसम्म आइपुग्दा उच्च शिक्षा शैक्षिक संस्थानहरू निकै हदसम्म बोधो र धुमिल आलोचनात्माक चेतका थिए । प्रभावकारिता ओरालो लाग्दो अवस्थामा थियो । उक्त समयसम्म कुनै पनि उच्च शिक्षा शैक्षिक संस्थानहरूलाई एक स्वायत्ततायुक्त घटक (एक्टर)का रुपमा लिइँदैनथ्यो वा स्थापित भइसकेका थिएनन् ।

उच्च शिक्षा शैक्षिक संस्थानलाई स्वतन्त्र र स्वायत्ततायुक्त घटकको रुपमा स्थापित गर्नका निमित्त, वा घटकताको संप्राप्तिका लागि उल्लेखित त्रि-तत्वहरू पहिचान, प्रणालीगत तह र तर्कशक्ति वाञ्छनीय रहेको 'ब्रुसोन र शहि्लन एण्डर्सन' को दाबी थियो । उच्च शिक्षा शैक्षिक संस्थानको पहिचानले उक्त संस्थानको स्वायत्ततायुक्त पृथक् परिचय र संस्थानका इकाइहरू बीचको घनिष्ठता र निकटतम सम्बन्धलाई इंगित गर्दछ ।

तहगत प्रणाली वा वरीयता क्रमानु अनुरुपको सीमाङ्कनले विभिन्न वरीयताक्रमका सोपानहरूका खुड्किला (इकाइहरू) बीचका शक्ति तथा नियन्त्रणका धाराहरूका पृथकीकरणलाई बुझाउँछ । तर्कशक्ति वा चेतनशीलताले आन्तरिक निर्णय-निर्माण प्रक्रियाको प्रभावलाई बुझाउँदछ ।

भविष्यको आकलनमा आधारित भएर कुनै पनि उच्च शिक्षा शैक्षिक संस्थानहरूले यी त्रि-गुण तब मात्र प्राप्त गर्दछ, जब आचिन्त्य स्वायत्तताको दायरा उपभोग गर्न पाउँदछ । तब मात्र कुनै पनि विश्वविद्यालय वा उच्च शिक्षा शैक्षिक संस्थानले पूर्ण आकृति लिन्छ ।

सन् १९७० को दशकमा कर्नेल विश्वविद्यालयका प्रोफेसर क्लार्क विक्कले विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा नयाँ आयाम थपेका थिए । सन् १९७० भन्दा अगाडि विश्वविद्यालयलाई पनि परम्परागत कर्मचारीको दृष्टिकोणबाट हेरिने गर्दथ्यो ।

विश्वविद्यालयका इकाइहरू बीच कसिलो बन्धनको सम्बन्ध हुनुपर्ने मान्यता राख्दथ्यो, वा निजामती संस्थानहरूको प्रशासन जसरी नै कुनै एक जडमा जकडिएर विश्वविद्यालयहरू गतिविधि संचालन गरिनुपर्ने भन्ने मान्यता राख्दथ्यो । तर क्लार्क विक्कले विश्वविद्यालयका इकाइ र स्वयम् विश्वविद्यालय अन्य संस्थानहरू भन्दा खुकुलो बन्धनमा रहेर उच्चतम स्वायत्तताका साथ संचालन गरिनुपर्दछ भन्ने नयाँ अभ्यासलाई स्थापित गराए ।

फलत: शैक्षिक संस्थानहरूमा रहिर हेका प्राज्ञिक तथा संस्थागत समस्याहरू स्वस्फूर्त प्राकृतिक रुपमा नै सिर्जित समाधानहरूबाट समाधान भए, र अभ्यास परिणाममुखी रह्यो । अन्य संस्थानहरूमा भन्दा शैक्षिक संस्थानहरूमा धेरै हदसम्म यो दृष्टान्त प्याराडोसिकल साबित भयो ।

विश्वविद्यालयको चारित्रिक गुण नै स्वायत्ततामूलक हो भन्ने पनि सिद्ध तुल्यायो । यही विशेषता नै विश्वविद्यालय वा शैक्षिक संस्थानहरूको पहिचान पनि हो । बगेर पहिचान कुनै पनि विश्वविद्यालय अपुरो रहन्छ ।

स्वायत्तताको आधारमा हामीले त्रिभुवन विश्वविद्यालयलाई परख गर्ने हो भने हाम्रो त्रिभुवन विश्वविद्यालयले आफ्नो स्वायत्तता पूर्णरुपले गुमाएको अवस्था छ । त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को परिच्छेद ७ मा रहेको विश्वविद्यालय पदाधिकारी सम्बन्धी प्रावधान हेर्ने हो भने विश्वविद्यालयको उच्चतम अधिकारी यानि कुलपति प्रधानमन्त्री रहने व्यवस्था छ, र उच्चतम कार्यकारी अधिकारी उपकुलपति रहने व्यवस्था छ ।

उपकुलपतिको नियुक्ति सहकुलपति अर्थात् प्रावधानत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा गठित दुई सभा सदस्य सदस्यता रहने समितिको सिफारिसको आधारमा कुलपतिले नियुक्ति गरिने प्रावधान छ । केही अपवाद बाहेक अधिकांश समय कुनै अमूक राजनैतिक दलका प्रधानमन्त्रीले उपकुलपति दलीय भागबन्डाको आधारमा नियुक्ति गर्ने अभ्यास रहँदै आएको छ ।

स्वाभाविक रुपमा दलीय भागबन्डाको आधारमा नियुक्त हुने उपकुलपति नेपथ्यमा रहेको निहित दलीय स्वार्थको यान्त्रिक कारिन्दा हुन्छ, र विगतका नजिरहरूले पनि यसलाई सिद्ध तुल्याइसकेको छ । उपकुलपतिको टुप्पोबाट अन्य पदाधिकारीहरूका फेदसम्म पुग्दा, दलीय भागबन्डाले सिंगो रूख नै सुकेर जाने अवस्थामा छ ।

जबकि विश्वविद्यालय जस्तो संस्था फुकिलो बन्धनमा जोडिएको स्वायत्त संस्थान हुनुपर्ने अवस्थामा ठीक विपरीत सामन्ती युगमा मुखियालाई आफ्नो जायदात बन्धकी राखी कमारा गर्नुपर्ने कमारो जस्तो भएको छ । विश्वविद्यालय ज्ञानपुञ्जको थलो नभई, दोहनको खानी भएको छ, भित्रबाट खोक्रो भएको छ । क्लार्क विक्कले व्याख्या गरे झैं हुनुपर्ने विश्वविद्यालयको पहिचानह स्वायत्तताको पहिचान त्रिभुवन विश्वविद्यालयले गुमाएको छ ।

शैक्षिक संस्थानहरूको प्रदर्शनी तथा डेलिभरीको मूल्यांकनको आधारमा वैश्विक तहमा नै उच्च शिक्षा शैक्षिक संस्थान तथा विश्वविद्यालयको शासक पद्धतिबारे घनीभूत रुपमा छलफल चल्दै आएको छ । विश्वविद्यालयहरूले विगतका दशकमा सामना गर्नुपरेको चुनौतीले पनि शासन पद्धति बारेको महत्वलाई प्रश्रय दिइरहेको छ ।

विभिन्न प्रावधानहरूका विविधता, डेलिभरिका नवीन आयामहरू, विद्यार्थी वर्गमा उदाउँदो विषमता, बढ्दो अन्तर्राष्ट्रियकरणको दबाब र अनुसन्धान तथा इन्नोभेसनले ज्ञान तथा सिकाइको उत्पादनलाई प्रेरित गरेको छ । विश्वविद्यालयको शासन पद्धतिलाई पुनरावलोकन गर्न तत्व पनि बनेको छ ।

विश्वविद्यालयको गुणात्मक प्रस्तुति विश्वविद्यालयको शासन पद्धतिमा नै आधारित हुन्छ । विश्वविद्यालयको शासन पद्धतिले नै उक्त संस्थानमा रहेको जवाफदेहिता, बुद्धिमानी व्यवस्थापन, सिर्जना भएका नयाँ प्रारूपका समस्याहरूलाई समाधान गर्ने क्षमता तथा कौशल र उत्पादकत्वको सिर्जना जस्ता विशेषताहरूलाई निर्धारण गर्दछ ।

त्रिभुवन विश्वविद्यालयको हकमा हेर्ने हो भने यहाँको शासन पद्धति नितान्त दलीय भागबन्डा र त्यसको वरपर निर्मित दलीय हस्तक्षेपको चक्रव्यूहमा घुमेको पाइन्छ । तहगत प्रणाली भग्नावशेष अवस्थामा छ । शासन पद्धतिको उच्चतम तहमा रहेको अधिकारी इकाइलाई तल्लो तहमा रहेको इकाइले नटेर्ने अवस्था रहेको छ । अराजकताले जरो गाडेको छ । शासन पद्धति र त्यसको परिपूरक तहगत प्रणालीले धराशायी बनेको छ ।

विश्वविद्यालयको तर्कसंगत, तार्किक शक्ति, चेतनशीलता तथा बौद्धिकताको ऐना हो, उक्त विश्वविद्यालयको अध्ययन, अनुसन्धान । खिएको अध्ययन, अनुसन्धान तथा प्रविधिले विश्वविद्यालयको खिएको तर्कसंगत, तार्किक शक्ति, चेतनशीलता तथा बौद्धिकतालाई प्रतिविम्बित गर्दछ ।

प्रविधिको नगण्य स्पष्टता रहेको कुनै पनि विश्वविद्यालयमा अध्ययन तथा अनुसन्धानलाई मानाकीकृत तुल्याउने सम्भाव्यता न्यूनतम रहन्छ, जुन प्राकृतिक तवरमा नै आन्तरिक रुपमा जोडिएको हुन्छ । यसले धेरै हदसम्म तर्कसंगत निर्णय-निर्माणमा चुनौती उत्पन्न गर्दछ ।

त्रिभुवन विश्वविद्यालयको हकमा मध्यनजर गर्दा, प्रविधिको आधारमा ठूलो खाडल सहितको पछ्यौटेपन ज्वाजल्य रुपमा देख्न सक्छौं । एकहात बाहेक नवीन प्रविधिको समायोजन र प्रविधिसँगको अनुकूलनमा त्रिभुवन विश्वविद्यालय निकै टाढा रहेको अवस्था छ । ब्रुसोन र शहि्लन एण्डर्सनले भने झैं तर्कशक्तिको मामलामा हाम्रो त्रिभुवन विश्वविद्यालय गाग्रीमा एक थोपो पूरा मात्रै छ, अर्थात् निकै अपुरो छ त्रिभुवन विश्वविद्यालय ।

पहिचान, तहगत प्रणाली र तर्कशक्ति त्रिभुवन विश्वविद्यालयमा विरलै पाउन सकिन्छ । न त त्रिभुवन विश्वविद्यालयसँग स्वायत्तताको पहिचान नै छ, न त तहगत प्रणालीमा तादाम्यता नै छ, न त तर्कसंगत रुपमा चेतना नै छ । यी तीन कुरा मात्रै कुनै पनि विश्वविद्यालय पूरा वा अधुरो रहने वा नरहने निर्धारणको मानक नहोला, तर यी आधारमा हाम्रो त्रिभुवन विश्वविद्यालय धेरै अधुरो छ । *(साभार: अनलाइनखबर)*

# समानुपातिक निर्वाचन प्रणालीमा महिला र पुरुष सांसदबिच विभेद

**शुष्पा भुजेल**

नेपालको संवैधानिक विकासक्रम अध्ययन गर्दा हालसम्म छवटा संविधान निर्माण गरी अभ्यास गरिसकेका छौं । अहिलेको संविधान सातौं संविधानको रूपमा रहेको छ । फरक फरक समयमा बनेका संविधानको निर्माण प्रक्रिया, सरकारको संरचनागात स्वरूप, संसदीय ढाँचा, निर्वाचन प्रणाली र विशेषता पनि फरक छन् । विसं २००४ को नेपाल सरकार वैधानिक कानुनदेखि हालसम्म नेपालमा सातवटा संविधान जारी भएका छन् । सबै संविधनका आआफ्नै महत्त्व र विशेषता छन् ।

संविधानले अधिकारको ग्यारेन्टी गर्ने हो । संविधानवादका लागि मार्गप्रशस्त गर्ने हो । समानता र सार्वभौमिकतालाई मलजल गरेर मनपरीतन्त्रलाई परास्त गर्दै लोकतान्त्रिक मूल्यमान्यतालाई स्थापित गर्ने हो । विधिको शासनका लागि मार्गनिर्देश गर्ने हो । यसको पालनाको ग्यारेन्टी संविधान आफैंले कसरी गर्न सक्छ ? त्यो त सरकारले गर्ने हो ।

शासकीय व्यवस्थालाई नयाँ संविधानले प्रतिस्थापन गर्दछ । वि.सं. २०४७ सालसम्मका संविधानले राजसंस्था स्वीकार गरेकोमा नेपालको अन्तरिम संविधान २०६३ लोकतान्त्रिक शासकीय व्यवस्था स्वीकार गऱ्यो । गणतन्त्रका लागि विजारोपण गऱ्यो । यो नेपाली नागरिकको कार्यादेश थियो । संविधान सभाको गठन र यसको कार्यविधिगत मार्ग प्रशस्त गर्नु समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नु २३८ वर्ष पुरानो राजतन्त्रको विधिवत् अन्त्यको घोषणा गरी जनताद्वारा निर्मित गणतन्त्रको स्थापना गर्नु, धर्म निरपेक्षतालाई अवलम्बन गर्नु, संघीय प्रणलीको अवलम्बन गर्नु, समानुपातिक प्रणालीको अवलम्बन गरी पहिलो पटक इतिहासमा समावेशीकरणको व्यापक व्यवस्था गर्नु नेपालमा भएको १० वर्षे सशस्त्रको द्वन्द्वको विधिवत समापन गर्नु मौलिक हक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा व्यापक विस्तार गर्नु र राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने जस्ता शासकीय व्यवस्थाको नयाँ रूप प्रादन गर्न सफल संविधान २०६३ को नेपालको अन्तरिम संविधान २०६३ हो ।

संविधान सभाको पहिलो बैठले राजतन्त्रको निलम्बन गरियो र त्यसपश्चात नेपालमा गणतन्त्रको घोषणा भयो । २०७४ पुस १३ गते गरिएको अन्तरिम संविधानको तेस्रो संशोधनबाट नेपालमा गणतन्त्रात्मक भएको घोषण गर्दै अगाडि बढ्यो भने चौथो संशोधनले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरी राष्ट्रपति र उपराष्ट्रपतिको पद सिर्जना गरियो । नेपालको संविधानले नेपालको इतिहासमा पहिलो पटक संघीय राज्य संरचनाको खाका कोरेको छ । सै, प्रदेश र स्थानीय तह गरी तीन तहको मूल संरचनाको व्यवस्था गरी हरेक तहलाई शासकीय अधिकार प्रदान गरको छ । सै, प्रदेश र स्थानीय तहलाई स्वशासनका लागि एकलौटी अधिकारको सूची दिनुको साथै सहशासनको लागि साझा सूचीको व्यवस्थासमेत गरेको छ ।

संविधानको विरोध गर्नेहरू यसका प्रगतिशील व्यवस्थाबारे चर्चा परिचर्चा रुचाउँदैनन् । संविधानमा जसरी संघीयताले परिकल्पना गरिएको थियो सोही अनुसार यसको बुझाइको समस्या छ । सफल कार्यान्वयमा समस्या छ ।

संघीय लोकतन्त्रको सुन्दर पक्ष भने जनतालाई अधिकार सम्पन्न बनाउनु हो । देशलाई समृद्धि बनाउनु हो । सुशासनमैत्री र भ्रष्टचारमुक्त देश बनाउनु हो । सबै मान्छे समाजमा सम्मानजनक बसोबासको र रोजगारको ग्यारेन्टी गर्नु हो । शिक्षा, स्वास्थ्य, रोजगार वा विकासका पाँच पूर्वधारको विकास गर्नु र सम्मान अधिकार प्रदान गर्नु हो । तर यति बेला नेपालको राजनीतिमा यसको गलत व्याख्या र दलगत स्वार्थको आधारमा व्याख्या भएको छ ।

लोकतन्त्रको अर्को सुन्दर पक्ष भनेको शक्ति विकेन्द्रीकरण हो । सबै अधिकार जनतामा सुम्पनु हो । तर केही दल र त्यसमा रहेका बिचौलिया नेता जो संघीय लोकतान्त्रिक गणतन्त्र उपभोगी मात्र छन् । न जनाता चिन्छन् न आफ्नो अधिकार चिन्छन् । अधिकार नचिन्नेले कर्तव्यको त कुरा नै नगरौं । न व्यावस्थामा आएको परिवर्तन नै चिन्छन् । आफ्नो स्वार्थ मिल्ने सेवा र टेवामा घाँटी जोड्न पुग्छन् । संविधानको मर्मअनुसार समानुपातिक प्रणालीलाई व्यवहारमा ल्याइयो । त्यो अनुसार कार्यान्वयन र सरोकारवालाहरूको बुझाइमा पनि त्यतिकै खिया लागेको देखिन्छ । माफियाहरूले संघीयताको अपव्याख्या गर्दै नागरिकमा भ्रम छर्न संघीयता खर्चिलो जस्ता आधारहीन कुरा गर्छन् । संघीयता उपभोगवादी विचौलियालाई हजार प्रश्न गर्न सकिन्छ । त्यसको जवाफ दिन तयार छन् ? यो अहिलेको साझा बहस हो । संघीयताले सिर्जना गरेको संविधान हो । यसका केही सीमा र कमजोरीहरू भने होलान् ।

संविधान देशको मूल कानुन हो । यसले प्रदत्त गरको अधिकारहरू कार्यान्वयमा केही समस्या भएको होला । तर संविधान र संघीयताको परिभाषा गलत परिभाषा गर्ने अधिकार कसैलाई पनि छैन । किनभने यो संघीयता नागरिकको हितमा छ । यसभित्र पनि भएका बुझाइमा अस्पष्टता, गलत व्याख्या, मोटो र कागजीभन्दा पनि परिमार्जन गरी, प्रणालीप्रतिको अपभाष्य जस्ता कुरा आजको पैरवीको सवाल बनेको छ । सरकारमा प्रतिनिधित्व गर्ने जति पनि संघीयता पक्षधरहरूले सहीलाई सही र गल्तीलाई गलत भन्न सकिएन भने बल्छीमा पर्न सकिँदैन भन्न सकिँदै । यो पुस्ताले मूलत: विषय वस्तुप्रतिको अध्ययनमा जान जरुरी छ । सत्यताको आधारमा रचनात्मक आलोचना गर्नु पर्ने छ । सरकारमा भएकाहरूलाई खबरदारीसहित नीति निर्माणको तहमा सहयोगमा गर्न ध्यान दिनु पर्ने छ ।

**संसद र संसदीय भूमिका:**

संसद् भनेको सार्वभौम अधिकार सम्मपन्न मुलुकको शासकीय विधि निर्धारण गर्ने जनताका प्रतिनिधिहरूको मञ्च हो । यसले मुलुकको शासकीय पद्धतिलाई नियमित गर्दछ । संसद् सरकारको तीन अङ्गमध्ये एक अङ्ग हो । संसद्ले संविधान परिवर्तन गर्न सक्छ, संशोधन गर्न सक्छ । तर सबै पक्ष संविधानप्रति जवाफदेही हुन्छन् । नेपालको संविधानले स्पष्ट रूपमा सै, प्रदेश र स्थानीय तह गरी तिनै तहको सरकारको भूमिका उल्लेख गरको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार शासन व्यवस्थमले सरकारका तीन अङ्गहरूले के गर्ने भन्ने कुरा कानुन तथा नीति निर्माणका माध्यमबाट निर्धारण गरिएको हुन्छ । व्यवस्थापिका राज्यको पथप्रदर्शक निकाय हो । व्यवस्थापिका आफूले बनाएको कानुनको सुनिश्चिता, दूरदर्शिता प्रयोगशीलता, सुस्पष्टता र आफूले बनाएको कानुनको स्वामित्व लिने र नागरिकमा तथ्यका आधारमा सेवामा लाग्न नसकेमा व्यवस्थापकीय अङ्गको अस्तित्व रहन सक्दैन ।

हामी र हाम्रो राजनीतिक परिपाटी कस्तो विकास भएर आएको छ भने आफूलाई केन्द्रमा राखेर नगरिकको आधारभूत आवश्यकता र मौलिक हकलाई समेत निजत्व गर्ने अवस्थामा समाजलाई धकेल्दै छौं । विधायिकाको जिम्मेवारी र क्षेत्राधिकार भनेको पहिलो नीति निर्माण गर्नु वा बनिसकेका कानुनको भूगोल, नागरिकको आवश्यकताबमोजिम संशोधन गर्नु र विधि निर्माणका लागि छलफल तथा बहसमा भाग लिने र निर्णय गर्ने हो । आजको अभ्यासलाई हेर्‍यौं भने पदले हामीलाई बुझेन वा हामीले पद बुझेनौं भन्ने अन्योल छ । हामी नै आफ्नो जिम्मेवारीप्रति अलमलिएपछि नागरिकको माग र संसद्प्रतिको आशा झन फरक तरिकाबाट बढ्ने नै भयो ।

तीन तहको सरकार र तीन तहको जनप्रतिधिहरूको काम, कर्तव्य र अधिकारप्रति अहिले पनि स्पष्ट रूपमा काम गरको देखिँदैन । संसद्को प्राथमिक कार्य कानुन निर्माण गर्नु हो । त्यति मात्र होइन त्यो भन्दा अझ व्यापक र बृहत् हुन्छ जसले सरकारलाई नियन्त्रण गर्दछ । राज्यको बजेट पारित गर्दछ । राष्ट्र र राट्रियताको आवश्यक बहस गर्न स्थान उपलब्ध गराउँछ । सरकारले गरेका काम कारवाहीको अनुगमन तथा सुझाव पेस गर्ने र खबरदारी गर्ने जस्तो कार्य पनि महत्त्वपूर्ण मानिन्छ राज्य आइपर्ने जस्तोसुकै अवस्थाको पनि साझा कार्यका लागि संसदले निर्णय गरेर सरकारलाई सुझावसहित सहयोग गर्न सक्छ ।

तर संविधनले यति धेरै अधिकार प्रदान गरको छ कि त्यो एउटा देखाउने दाँत भएको छ । यति ठुलो जिम्मेवारी पाएको संसद सामान्य पाँच लाखको दुले बाटो, बिजुलीको पोल, दसथान तार जाली, सय मिटर पोलिथिन पाइप, पाँच लाख दस लाखका मन्दिर, गुम्बा, विभिन्न विद्यालयको वार्षिक उद्घाटन कार्यक्रम, सहकारीको संघ सस्थाको कार्यक्रमको प्रमुख अतितिथि जस्ता कार्यक्रममा नै सीमित भएका छौं । आफ्नो पदीय जिम्मेवारीमा सरकारले लगाम लगाउन सकेन । दल र दलको प्रतिनिधि गर्ने जनप्रतिधिले संघीयताको बन्दाम र चुनावदेखि चुनाव वर्षहरू बित्लान् । तर सीमित व्यक्तिको जीवन फेरियला तर नागरिकको अवस्था भने उस्तै रहने खतरा व्यापक बन्दै गएको छ ।

**महिला र पुरूष सांसदलाई हेर्ने विभेदकारी दृष्टिकोण:**

देशको कुल जनसंख्याको ५१ प्रतिशतभन्दा बढी महिला रहेको तथ्य रटान लगाउँदै आएका छौं । २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा ८८ लाख महिला मतदाता थिए । यो कुल जनसंख्याको ४९ प्रतिशत हिस्सा हो । हास्यासपद कुरा २ हजार ४१२ पुरुष उम्मेदवार हुँदा महिला उम्मेदवारको संख्या मात्रै २२५ थियो । कुल हिस्साको जम्मा ९ प्रतिशत मात्र उम्मेदवार बनेका थिए ।

५१ प्रतिशत हिस्सा ओगटेका महिलाका दैनिक आवश्यकता पूरा गर्नका लागि विधि कानुन चाहिन्छ । त्यो कानुन बन्न संसद्मा महिला मुद्दामा प्रशस्त सवाल उठ्नु पर्छ । जनसंख्या र उम्देवारको संख्यामा विभेद भयो । यो बहुदलीय व्यवस्थामा पनि महिला सशक्तीकरण तथा शिक्षाका कारणले वा राजनीतिक दलको इच्छा शक्तिको कारणले गर्दा हो ? महिला प्रतिनिधि सघन रूपमा देख्न पाइएको छैन ।

*क्रमश: पृष्ठ-३.....*

# समानुपातिक निर्वाचन...

निर्वाचनमा महिला सहभागी नहुनुको मुख्य कारण हामीले कानुन बनाउने थलोमै लैङ्गिक समानताको आवश्यकता राम्ररी बुझाउन सकिएको रहेनछ । महिला र पुरुषको दृष्टिकोण उनीहरूको कार्यदक्षता, उनीहरूले पार्ने प्रभाव आदि कोणबाट फरक हुन्छन् । त्यस कारण महिला र पुरुष बराबर हैसियतमा उभिएर बनाइएका कानुनहरू सान्दर्भिक र सापेक्ष हुन्छन् भन्ने प्रतिनिधित्वको सद्धान्तको सुन्दर पक्ष हो । संसद्मा महिलाको उत्तिकै उपस्थिति हुनु भनेको दल र सिङ्गो मुलुकका लागि फाइदाको कुरा हो ।

सबै दलको उद्देश्य देश समृद्धि पार्नु हो । यही विषयलाई हामीले बुझ्न र बुझाउन सकेनौँ । जसकारण जसले सक्छ, उसैले टिकट पाउने अवस्था बन्न गयो । संविधानमा ३३ प्रतिशत महिला सहभागिता चाहिन्छ भनेर प्रस्ट लेखिएको छ । यो किन आवश्यक छ भनेर दलहरूले मनन गर्नुपर्छ । तर दलहरू आफैँ टिकट कार्टेलिङमा लिप्त छन् । प्रत्यक्षतर्फ कम महिला उम्मेदवार हुनेबित्तिकै यसको प्रत्यक्ष असर समानुपातिकमा पर्छ । समानुपातिक प्रणालीको भाष्य नै नकारात्मक हुनु खेदजनक छ ।

निर्वाचन ऐनमा स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक पदमा महिला हुनुपर्ने व्यवस्था छ । तर गठबन्धनका नाममा अधिकांश स्थानीय तहको अध्यक्ष र उपाध्यक्ष दुवै उम्मेदवार पुरुष नै भए । तर कतिपय ठाउँमा गठबन्धन बाहिर महिला छन् भने ती महिलालाई मत दिएको पनि देखियो । यसले मतदाताले महिला उम्मेदवारप्रति सदाशयता देखाएको बुझ्न सकिन्छ । महिला आन्दोलनले दलभित्र प्रभाव पार्न सकेको छैन । यही कारण दलमा महिलाको योगदान कम हुनु होइन । पुरुषको हालिमुहाली हुनु चाहिँ हो । तथापि अहिले जागरुकता आउन थालेको छ । पार्टीको केन्द्रीय कमिटी, स्थायी कमिटीमा महिला खै भनेर प्रश्न गर्ने बढेका छन् ।

हाम्रो निर्वाचन अत्यन्त महँगो बनेको छ । प्रत्यक्ष चुनाव जित्न बलसँगै पैसा चाहिने अवस्था सिर्जना भएको छ । चुनावमा उम्मेदवार बनेपछि समय पनि खर्चिनु पर्छ । महिलाहरूले घर भित्रको सबै काम सकेर पुरुष उम्मेदवारसरह बाहिर खट्नुपर्ने हुन्छ । बाहिर हिँड्ने पुरूषलाई राजनीतिक संयन्त्र बनाउन जति सहज छ, घरभित्रै बस्ने महिलालाई सङ्गठन निर्माण गर्न त्यति नै कठिन छ । दलले महिला उम्मेदवार कम उठाएकाले संविधानले ग्यारेन्टी गरेको ३३ प्रतिशत प्रतिनिधित्व नपुग्ला कि । पुगेन भने समिक्षा गर्नुपर्ने छ ।

संसद्मा महिला प्रतिनिधि हुँदाका राम्रा उदाहरण थुप्रै छन् । लैङ्गिक हिसाबले समृद्ध कानुन बनाउनका लागि महिला सांसदको असाध्यै ठुलो भूमिका छ । जब हामीले शून्य समयमा संसद्मा बोल्छौँ, त्यसको भिडियो टेप हेर्ने हो भने महिलाले र पुरुषले उठाएका विषय फरक छन् । क्षमता भनेको अवसर पाइसकेपछि अभिवृद्धि गर्ने कुरा हो । सांसदलाई नयाँ भूमिकाका लागि तयार गर्ने जिम्मेवारी दलको पनि हो ।

सुरु सुरुमा संसद् प्रवेश गर्दा आफ्नो नामसमेत भन्न हिच्किचाउने महिला सांसदहरू तीन चार वर्षको अवधिमा कानुन निर्माणमा राम्रो योगदान दिन सक्ने, जनजीविकाको सवाल उठाउन सक्ने र पछि प्रत्यक्ष निर्वाचनमा जान सक्छु भनी  हिम्मत गर्ने क्षमताका भएका छन् । त्यस कारण संसदमा महिलाको सहभागिता नुहनुमा क्षमतालाई मात्रै कारण बनाइनु हुँदैन । अवसर पाएपछि क्षमता आफैँमा अभिवृद्धि हुँदै जान्छ । संसद्मा विभेदका स्वरूप किसिम किसिमका छन् । विभेद संसदभित्रै छन् । संसद्मा बोल्न दिने कुरामा पनि महिला र पुरुषबिच विभेद छ । फुर्सद भएका सांसदलाई बोल्ने समय निकै कम दिइन्छ । दलले सरकारमा नहुँदा के गर्छ, सरकारमा गएपछि के गर्छ र उसको व्यवहार कस्तो छ भन्ने विषयलाई आममतदाताले मिहीन ढङ्गमा हेर्नु पर्छ । उसले आफ्नो संरचनामा राम्रो काम गरेको छ कि छैन भनेर अब प्रश्न गर्नुपर्छ । तब मात्रै उसले देश बनाउन सक्छ ।

### संविधानमा समानुपातिक निर्वाचनसम्बन्धी व्यवस्था

नेपाल सरकार मन्त्रि परिषद्को मिति २०७९ ।०४ ।१९ को निर्णयानुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मङ्सिर ४ गते एकै चरणमा हुने गरी निर्णय भएको हो । मिति २०७९।०४।३० गतेको नेपाल राजपत्रमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम प्रकाशनसमेत भई सूचना सबैका लागि प्रकाशन भएको थियो ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ वा दफा ४९ बमोजिम आयोगमा दल दर्ता भई समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन दलहरूले निर्वाचन प्रक्रियमा कानुनले दिएको समान अधिकार प्रयोग गरे । कानुनबमोजिम निर्वाचन सम्पन्नभयो । हाल मुलुकमा रहेको प्रतिनिधि सभा र सातवटा प्रदेश सभामा निर्वाचित सदस्यहरू रहेका छन् । सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने संविधानको उद्देश्य छ । त्यस्तै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संविधानले व्यवस्था गरेको छ । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उद्देश्य शासकीय व्यवस्थाको रहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न अङ्गीकार गरिएको नेपालको संविधानले नेपाली नागरिकमा सार्वभौम अधिकार सुरक्षित गरिदिएको छ ।

नेपालको संविधानको धारा ३८ को उपधारा ९४० मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी मौलिक हक सुनिश्चित गरि दिएको अवस्था छ । संविधानको ४० को उपधारा (१) मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी मौलिक सुनिश्चित गरिदिएको छ । उपधारा (७) मा दलित समुदायलाई यस धाराद्धारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ भनिएको छ । संविधानको पहिलो संशोधनद्वारा संशोधित व्यवस्थाले धारा ४२ को उपधारा (१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधानको धारा ५० अन्तर्गत राज्यको निर्देशक सिद्धान्तमा उपधारा १ मा (१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय एकाइहरूबिचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ भनेको छ । संविधानको धारा ८४ उपधारा (१) बमोजिम हुने प्रतिनिधि सभाको गठनमा खण्ड (ख) बमोजिम (ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने एक सय दश सदस्य भन्ने व्यवस्था गरको ।

समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । संविधानको धारा १७६ बमोजिम हुने प्रदेश सभाको गठन अन्तर्गत उपधारा (१) को खण्ड ख मा सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्यलाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य भनेको छ ।

उपधारा (६) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत उपधारा (१) को खण्ड (ग) मा महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने भनेको छ ।

त्यस्तै धारा २५६ मा राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत उपधारा (१) को खण्ड (ङ) मा दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अङ्गहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने भनेको छ ।

यसै गरी संविधानको धारा २८५ मा सरकारी सेवाको गठन अन्तर्गत उपधारा (२) मा संघीय निजामती सेवालगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ ।

निष्कर्षत: निर्वाचन कानुन निर्वाचन प्रक्रिया र प्रतिनिधित्वको स्वच्छ अभ्यास अवलम्बन गर्न वाञ्छनीय छ । संविधान राज्य सञ्चालन गर्ने दस्तावेज हो । यसलाई देशको मूल कानुन भनिन्छ र संविधान कानुनको स्रोत हो । कानुनको शृंखलामा संविधान सर्वोच्च स्थानमा रहेको हुन्छ । संविधान राजनीतिक तथा कानुनी दुवै दस्ताबेज हो । संविधानको कार्यान्वयन नै संविधानवादको सुन्दर पक्ष हो । कानुनको शासनमा संविधानको कार्यान्वयनले थप सुन्दरता थपेको हुन्छ ।

नेपालको संविधानले अवलम्बन गरेको शासकीय व्यवस्था अनुरूप स्थानीय तह प्रदेश र सैमा हुने समानुपातिक प्रतिनिधित्वको कुरा विगतको शासकीय व्यवस्थाले समेट्न नसेकेकाले मुलुकमा भएको लामो समय जनयुद्ध र नागरिक आन्दोलनले स्थापित गरेको अधिकार हो । महिला र पुरुष एक रथका दुई पाङ्गा हुन् । एकको कमोजोरीमा अर्को पक्षको विकास हुन सक्दैन ।

तसर्थ महिला पुरुष सांसदहरूको समान र समतामूलक रूपमा क्षमता सबलीकरणका माध्यमबाट विधायिकी क्रियाकलापमा समान अवसर प्रदान गरी संसदीय अभ्यास गर्नु आजको टड्कारो आवश्यकता हो । *(साभार: रातोपाटी)*

# पाँच वर्षमा देशभरका यातायात कार्यालयबाट १ लाख नक्कली लाइसेन्स

काठमाडौं/पछिल्लो पाँच वर्षको अवधिमा देशभरका यातायात कार्यालयबाट करिब ७३ हजार नक्कली सवारीचालक अनुमतिपत्र (लाइसेन्स) जारी भएको भेटिएको छ । प्रदेश सरकार मातहतका यातायात कार्यालयहरुमा गडबड भएको भेटिएपछि जारी गर्ने तयारीमा रहेका करिब २३ हजार लाइसेन्स रोकिएका छन् ।



यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले लाइसेन्स सम्बन्धी डाटाबेसमा पहुँच राख्नेहरुबाट जिम्मेवारीको दुरुपयोग गरी गलत तरिकाले लाइसेन्स बाँडिएको बताए ।

'यातायात व्यवस्था विभागले देशभरका ३५ वटा यातायात कार्यालयका प्रमुखलाई मास्टर युजर आईडी र पासवर्ड दिएको हुन्छ, मातहतका कर्मचारीहरुको हकमा उहाँहरुले नै युजर आईडी र पासवर्ड दिने हो' उनले भने, 'युजर र पासवर्ड पाएर त्यसको दुरुपयोग गर्नेहरुले नै गलत ढंगले लाइसेन्स बाँडेको भेटिएको हो ।'

संघीयता कार्यान्वयनको सिलसिलामा केन्द्रीय सरकार मातहत रहेको यातायात व्यवस्था तथा सवारीचालक अनुमतिपत्रको क्षेत्राधिकार प्रदेश तहमा पुगेको थियो ।

वारीचालक अनुमति पत्रको व्यवस्थापन र नियमन गर्ने यातायात व्यवस्था विभागले २८ मंसिर २०७५ मा मातहतका कार्यालय र तयहाँका सबै अभिलेखलाई सम्बन्धित प्रदेश सरकारहरुलाई हस्तान्तरण गरेको थियो । एक रुपताका लागि भने सबै प्रदेशको डाटाबेस मात्रै विभागमा थियो ।

त्यसपछिको पाँच वर्षको अवधिमा सबैजसो यातायात कार्यालयबाट ७३ हजार नक्कली लाइसेन्स बाँडिएको र थप २३ हजार बाँड्ने तयारीमा राखेको भेटिएको हो । विभागका महानिर्देशक रिजालले भने, 'थाहा पाउनासाथ बाँड्ने तयारीमा रहेका लाइसेन्स हामीले रोकिदिएका छौं । ती जारी हुने अवस्थामा छैनन् ।'

यातायात व्यवस्था विभागका कर्मचारीका अनुसार, २०७० सालदेखि २०७३ सालसम्म यातायात व्यवस्था विभाग र माहतहतका यातायात कार्यालयमा रहेको सवारी चालक अनुमतिपत्रको विवरण डाटाबेसमा राखिएको थियो । त्यसक्रममा केही छुटेको भनेर पछिसम्म थप्ने काम भइरहेको थियो । विभागका एक प्राविधिक भन्छन्, 'नियमित प्रयोगमा नरहेका र निष्कृय लाइसेन्सधारीहरुको पहिचान गरी उनीहरुको ठाँउमा अर्कैको लाइसेन्स जारी गर्ने काम भएको हो ।'

यसलाई सजिलोसँग बुझाउन विभागका ती प्राधिकरणले एउटा उदाहरण दिए । सिन्धुपाल्चोकका सत्यबहादुर थापा (वर्ष ४७)को नाममा २२ पुस, २०६७ सालमा एकान्तकुनास्थित यातायात कार्यालयबाट लाइसेन्स जारी भएको थियो । पाँच वर्षको अवधि पुगेपछि उनले २२ पुस २०७२ मा त्यसको नवीकरण गर्नुपर्ने थियो ।

थप ५ वर्षसम्म जरिवाना तिरेर नवीकरण गर्न पाउने अवधि रहन्छ । १० वर्षपछि अर्थात २२ पुस, २०७७ मा लाइसेन्सको वैधता सकिनुभन्दाअघि यातायात कार्यालयका कर्मचारीहरुले उनको नाम, उमेर, ठेगाना सबै फेरेर अर्कैको नाम हालिदिए । ती प्राविधि भन्छन्, 'त्यसक्रममा औंलाको बायोमेट्रिक र फोटो समेत परिवर्तन भएको भेटियो ।'

यातायात कार्यालयहरुमा सक्रिय हुने दलालहरुको सहयोगमा केही कर्मचारीहरुले लामो समय नवीकरण नगरेका, विदेशिएका, मृत्यु भएका सवारीचालकहरुको पहिचान गरेर डाटाबेसमा उनीहरूको सबै विवरण फेरबदल गरेको भेटिएको हो । करिब ५५ लाख सवारीचालक अनुमतीपत्र बाहकको डाटाबेस रहेकोमा पाँच वर्षमै एक लाखको हाराहारीमा फर्जी लाइसेन्सको काम भएको भेटिएको हो ।

'उजुरी परेपछि विभागले समिति बनाएर अध्ययन गर्दा ७३ हजार जनाको सबै विवरण फेर बदल गरेको र अर्कै राखेको भेटिएको हो', विभागका महानिर्देशक रिजालले भने, 'भएको विवरण फेर बदल गरेर त्यही नम्बरमा अर्काको नाममा लाइसेन्स जारी गर्नु गलत हो भन्ने समितिको निष्कर्ष हो ।'

अनियमितताको उजुरी पाउनासाथ यातायात व्यवस्था विभागले सूचना प्रविधि निर्देशक मुकेश रेग्मीको संयोजकत्वमा समिति बनाएको थियो । विभागका अधिकृतहरु अर्जुन अधिकारी, बोधराज बराल र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का डीएसपी डा. तपनकुमार दाहाल सदस्य रहेको समितिले अध्ययनकै सिलसिलामा करिब २३ हजार लाइसेन्स जारी गर्ने तयारी अवस्थामा राखिएको फेला पार्‍यो ।

'उनीहरु विगतमा कुनै सवारीसाधन अनुमतिपत्र बाहकको डाटाबेस मेटेर सबै नयाँ विवरण थपी लाइसेन्स जारी गर्ने प्रक्रियामा थिए', समितिमा रहेका एक सदस्यले भने, 'थाहा पाउनासाथ हामीले ती लाइसेन्स जारी गर्न नमिल्ने गरी रोक लगाउन सिफारिस गरेका थियौं, सबैको प्रक्रिया रोकिएको छ ।' यसबारे नीतिगत निर्णय गर्न मन्त्रालयमा समेत पत्राचार भएको महानिर्देशक रिजालले बताए ।

सातैवटा प्रदेशको यातायात हेर्ने मन्त्रालय मातहत सवारीचालक अनुमतिपत्र जारी गर्ने यातायात कार्यालय छन् । संघीय निजामती सेवाबाट समायोजन भएर प्रदेश तहमा गएका कर्मचारी मातहतमा करारमा नियुक्त कम्प्यूटर अपरेटरहरुले यातायात कार्यालयको दैनिक कामकाज धानेका छन् ।

'कतिपय कर्मचारीले आफूले युजर आईडी र पासवर्ड हान्न समेत नजानेर मातहतका कर्मचारीहरुलाई सबै दिए, तिनले दुरुपयोग गरे,' विभागका एक अधिकृत भन्छन्, 'कतिपयमा कसैले थाह पाउँदैन भन्ने मनोवृत्तिका कारण पनि दुरुपयोग गर्ने प्रवृति बढ्यो ।'

देशभरका ३५ वटा यातायात कार्यालयमध्ये नक्कली लाइसेन्स जारी नभएको एउटा पनि कार्यालय छैन । सबैभन्दा बढी लुम्बिनी र नवलपरासीको यातायात कार्यालयबाट नक्कली लाइसेन्स जारी भएको भेटिएको छ भने त्यसपछि कास्कीमा त्यो समस्या देखिएको विभागका कर्मचारीहरु बताउँछन् । करिव ५ सयको हाराहारीमा प्रयोगकर्ता कर्मचारीको पहुँचमा र हने डाटाबेसमा कसले दुरुपयोग गर्‍यो भन्ने विवरण खुलाइएको छैन ।

यातायात कार्यालयका कर्मचारीहरुले कतिसम्म बदमासी गरेका थिए भने वास्तविक अनुमतिपत्र वाहकको विवरण मेटेर अर्कैको नाममा लाइसेन्स जारी गरेका थिए । सवारीचलक अनुमतीपत्र नवीकरण गर्न जानेहरुको विवरण नै फेला नपर्ने अवस्था बनेको थियो ।

पूर्वसचिव शरदराज विष्ट समेत यो मारमा परेको विभागका कर्मचारीहरु बताउँछन् । सवारीचालक अनुमतीपत्र नवीकरण गर्न जाँदा उनको नम्बरमा अर्कैको नाम र विवरण थियो । तर पुराना र निष्कृय लाइसेन्सधारीहरुको विवरण मेटाएरै ठूलो संख्यामा फर्जी लाइसेन्स बनाएको भेटिएको समितिमा रहेका कर्मचारीहरु बताउँछन् ।

घटनासँगै लाइसेन्स सम्बन्धी सफ्टवेयर निर्माण प्रक्रियादेखि प्रश्न उठेको छ । यतिसम्म कि झापामा रहेको यातायात कार्यालयका कर्मचारीले कर्णाली प्रदेशबाट जारी भएको लाइसेन्सको विवरण नै फेरबदल गर्न मिल्नेगरी खुकुलो बनाइएको थियो ।

जो सुकै प्रयोगकर्ताले डाटाबेसमा रहेको विवरणमा पहुँच राखी आधारभूत विवरण, फिंगर प्रिन्ट र फोटो समेत फेरबदल गर्न मिल्नेगरी सफ्टवेयर निर्माण गरिनु नै बदनियत देखिने यातायात व्यवस्था विभाग स्रोतले बतायो । स्रोतले भन्यो, 'जे गरेर अनियमितता हुन्थ्यो, त्यही कामका लागि सहज हुनेगरी सफ्टवेयर डिजाइन गरिनु संयोगमात्रै थिएन ।'

विभागले तयार पारेको प्रतिवेदनमा नक्कली रुपमा जारी भएका सबै लाइसेन्सधारीहरुको नाम छ । प्रतिवेदनको अनुसूचीमा रहने शंकास्पद लाइसेन्सधारीहरुको नाम प्रिन्ट गर्नमात्रै करिब १० रिम कागज लागेको थियो । समितिमा रहेका कर्मचारीहरुका अनुसार, प्रतिवेदनको सबै विवरण र पानामा हस्ताक्षर गर्नमात्रै ८ घण्टा लागेको थियो ।

विभागले भौतिक पूर्वाधार मन्त्रालयमा पठाएको प्रतिवेदन अख्तियारमा समेत पुगेको छ । प्रतिवेदन पाएपछि अख्तियारले अध्ययन गरी प्रतिवेदन पठाउन मन्त्रालयलाई निर्देशन दिएको थियो । घटना थाहा हुनासाथ विभागले लाइसेन्समा नाम र अरु कुनै विवरण फेरबदल गर्न नमिल्ने व्यवस्था गरेको छ ।

अख्तियारको पत्रपछि मन्त्रालयले दुई साताअघि नै उपसचिव सुरेश श्रेष्ठको संयोजकत्वमा इञ्जिनियर दिनेश अधिकारी र शाखा अधिकृत कमल पन्थी रहेको समिति बनाएको थियो । समितिका पदाधिकारीले मंगलबार मात्रै विभागमा पुगेर विवरण संकलन गरेका छन् । विभागमा भेटिएका संयोजक श्रेष्ठले भने, 'हामीले ढिलोमा पनि ३/४ दिनमा प्रतिवेदन बुझाउँछौं ।'

*(स्रोत: अनलाइनखबर)*

### १६औं आवधिक योजना :

# आर्थिक वृद्धिदरमा महत्वाकांक्षी लक्ष्य, जीडीपीको आकार ८६ खर्ब पुर्‍याइने

काठमाडौं/सरकारले आगामी ५ वर्षभित्र अर्थतन्त्रको आकार ३२ खर्बले बढाउने गरी लक्ष्य तय गर्ने भएको छ । राष्ट्रिय योजना आयोगले बनाइरहेको १६औं आवधिक योजनामा कुल गार्हस्थ उत्पादन (जीडीपी) झण्डै ८६ खर्ब (८० खर्बदेखि ८५ खर्ब ८० अर्ब) रुपैयाँसम्म पुर्‍याउने लक्ष्य तय गरिएको छ । आगामी आर्थिक वर्ष (आव) २०८१/८२ बाट १६ औं आवधिक योजना कार्यान्वयनमा आउनेछ । आर्थिक वर्ष २०७९/८० मा नेपालको अर्थतन्त्रको आकार ५३ खर्ब ८१ अर्ब रुपैयाँ रहेको छ ।

सरकारले आगामी ५ वर्ष भित्र आर्थिक वृद्धिदरको लक्ष्य समेत महत्वाकांक्षी राखेको छ । आव २०८५/८६ सम्म वार्षिक ७ देखि ८.५ प्रतिशतसम्म आर्थिक वृद्धिदर पुर्‍याउने लक्ष्य १६औं योजनाले लिने भएको छ । नेपालमा विगत ३० वर्षमा औसत ४.३ प्रतिशत मात्र आर्थिक वृद्धि भएको छ । सरकारले १५औं आवधिक योजनाको अन्त्यसम्म वार्षिक ९.६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य लिएको थियो ।

तर, कोभिड-१९ महामारी सहितका आन्तरिक र बाह्य कारणले यस योजनाको औसत आर्थिक वृद्धिदर आव २०७९/८० सम्म औसत २.२ प्रतिशतमा खुम्चिएको छ । यो अवस्थाबाट उकास्दै अर्थतन्त्रको वृद्धिदर ८ प्रतिशत भन्दा माथि लैजानु सरकारका लागि ठूलो चुनौती हुने देखिएको छ ।

**चुनौती के हो ?**

१६औं योजनामा राखिएको महत्वाकांक्षी लक्ष्य प्राप्तिको मुख्य चुनौती नै निरन्तरको अनपेक्षित न्यून आर्थिक वृद्धिको नतिजालाई मानिएको छ । नेपालले स्वदेशी र विदेशी पूँजी र प्रविधि प्रयोग गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु मुख्य चुनौती रहेको स्वयम् मस्यौदाले स्वीकार गरेको छ । आर्थिक उदारीकरणको नीति अनुसार तुलनात्मक लाभ भएका क्षेत्रमा पूँजी, श्रम र प्रविधिको संयोजन गरी प्रतिस्पर्धी वस्तु र सेवा उत्पादन गर्न नसक्नु मुख्य चुनौती रहने भएको छ ।

अर्को, परम्परागत कृषि क्षेत्रमा रहेको जनशक्तिलाई उत्पादनमुलक क्षेत्रमा प्रवाह गराउनु पर्नेमा उत्पादनमुलक क्षेत्र स्वयम् कमजोर भइरहेको अवस्थालाई चुनौतीका रुपमा हेरिएको छ । यसका लागि मुलुक भित्र औद्योगिक वातावरण बनाएर युवा पलायन रोक्नु चुनौतीका रुपमा रहेको छ ।

न्यून उत्पादन तथा उत्पादकत्वलाई समेत योजनाले आगामी दिनमा समेत चुनौतीका रुपमा हेरेको छ । आन्तरिक उत्पादनका उद्योग खोल्नु भन्दा आयातित वस्तुको व्यापारमा देखिएको आकर्षणले समेत आर्थिक वृद्धिदरमा असर गरिरहेको विश्लेषण गरिएको छ । खासगरी उच्च मूल्यका कारण उपभोग कटौती हुँदा व्यवसायमा ह्रास आउने प्रवृत्तिले आर्थिक वृद्धिदरमा चुनौती थपेको छ ।

सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोत साधनको परिचालनलाई समेत आर्थिक वृद्धिदरको मुख्य चुनौती मानिएको छ । नेपालको अर्थतन्त्र उच्च आय र राज्यको स्रोत साधनमा पहुँच पुगेका उद्यमीको हातमा परिचालन हुँदा सन्तुलित र समन्यायिक विकासको मार्ग निर्माण हुन नसकेको मस्यौदामा उल्लेख छ । सार्वजनिक संस्थानमा गरेको लगानी अनुसारको प्रतिफल प्राप्त हुन नसक्नु, संस्थानहरुको व्यवस्थापन व्यवसायिक हुन नसक्नु र अपेक्षित रोजगारी सिर्जना हुन नसक्नुलाई समेत चुनौतीका रुपमा लिइएको छ ।

राजस्वको ठूलो हिस्सा आयातमा आधारित भएको, विप्रेषणलाई पूँजी निर्माणमा परिचालन गर्न नसकिएको, सार्वजनिक खर्च र ऋणको सही सदुपयोग हुन नसक्दा न्यून उपलब्धि रहेको अवस्थालाई समेत चुनौतीका रुपमा मानिएको छ । सरकारको राजस्वका परम्परागत स्रोतबाट मात्र बढ्दो सार्वजनिक खर्चको माग धान्न नसक्नु, आयात नियन्त्रण गर्दा राजस्वमा असर पर्नु, मुलुकभित्र कर सहभागिताको कमजोर स्थिति, न्यून पूँजीगत खर्च क्षमतालाई समेत चुनौती मानिएको छ ।

वित्तीय स्रोत साधन तथा सार्वजनिक ऋण अनुत्पादक क्षेत्रमा प्रवाह हुँदा राज्यको दायित्व बढ्नु, पूँजी निर्माणमा छनोट भएका आयोजना अपेक्षित समय र लागतमा सम्पन्न हुन नसक्नु, आयोजना छनोट गर्दा प्रतिफलका आधारमा प्राथमिकिकरण हुन नसक्नु समेतलाई आर्थिक वृद्धिदरमा चुनौती मानिएको छ । मूल्यवृद्धि नियन्त्रण, मौद्रिक तथा वित्तीय क्षेत्रको तालमेलको कमी, बाह्य क्षेत्रको कमजोर उत्पादकत्व, उपभोगमुखी आयात, नीतिगत अस्थिरता, अनौपचारिक आर्थिक कारोबारलाई समेत १६ औं योजनाका लक्ष्य प्राप्तिका चुनौती मानिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मिलन चाम्सको 'गोर्खा वारियर' फागुन ११ मा

काठमाडौं/मिलन चाम्सद्वारा निर्देशित फिल्म 'गोर्खा वारियर' अब सार्वजनिक प्रदर्शनमा आउने भएको छ । फिल्मलाई आगामी फागुन ११ गते (२३ फेब्रअरी)बाट प्रदर्शन गर्न लागिएको हो । गोर्खा सैनिकको बहादुरीको कथामा आधारित फिल्मको गत भदौमा बेलायतस्थित प्रतिष्ठित आइम्याक्स सिनेवर्ल्डमा प्रिमियर गरिएको थियो । 'ब्रिटिश एकेडेमी फिल्म अवार्ड' (बाफ्टा)मा समेत फिल्म छानिएको छ ।

निर्देशक चाम्सका अनुसार, भारत र दक्षिण कोरियाका लागि फिल्मको प्रदर्शन अधिकार बिक्री भैसकेको छ । यीबाहेकका देशमा अमेरिकाको एक प्रतिष्ठित कम्पनीले फिल्म रिलिज गर्ने उनको भनाई छ । नेपाली, अंग्रेजी र हिन्दी गरी तीन भाषामा तयार भएको फिल्मलाई अहिले कोरियन भाषामा स्वरांकन गरिँदैछ । फिल्म हेर्दा हरेक नेपालीले गर्व महसुस गर्ने निर्देशक चाम्सको विश्वास छ ।

सन् १९४९ मा भएको 'मलाया इमरजेन्सी जंगल वार'मा गोर्खा सैनिकले देखाएको बहादुरीको कथालाई उठाइएको फिल्ममा रितेश चाम्स, विजय लामा, रेविका गुरुङ, रियर राई, कविता आले, सुरज तमु, भुवन सिंह राई, त्रिचु राई, दिग्गज खत्री, सरोज खालिङ, अरुष सरु मगर, आशिष गुरुङलगायतको अभिनय रहेको छ । फिल्ममा अभिनेता लामा सैनिक मेजरको भूमिकामा प्रस्तुत छन् ।

यो फिल्मको निर्मातामा मिलन चाम्स, सुमन राई र सुस्मिता वाइवा छन् भने कार्यकारी निर्माता प्रशान्त थापा र राजेन्द्र घिमिरे हुन् । सुरेश राई सह निर्माता रहेको मिलन चाम्स र गिरिराज घिमिरेको लेखन, मिलन श्रेष्ठको सम्पादन, सुदीप बरालको डीओपी, हिमाल केसीको द्वन्द्व, शैलेन्द्र खनालको गीत र एलिस कार्कीको संगीत छ । यही फिल्मबाट रितेशले अभिनेताको रुपमा डेब्यू गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बाबुलाई खुकुरी हान्ने छोराको समूहबाट मकवानपुरका तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ चक्रवर्ती हबी एजुकेसन एकेडेमी, काठमाडौंको बिजुलीबजारका सञ्चालक देवेन्द्र भण्डारीमाथि उनकै छोरा निरज भण्डारीले खुकुरी प्रहार गरेर गम्भीर घाइते बनाएका छन् ।

बाबुछोराबीच कलेजको सम्पत्तिको विषयलाई लिएर विवाद बढेको थियो । विवादकाबीच सोमबार राति छोराले बाबुमाथि खुकुरी प्रहार गरेका हुन् । सोमबार राति बाबु देवेन्द्र समूहसहित राति कलेजमा प्रवेश गर्न खोज्दा कलेजभित्र समूह सहित नै रहेका निरजले बाबुमाथि खुकुरी प्रहार गरेका हुन् । समूहमा मकवानपुरका तीनजना युवाहरु पनि रहेको प्रहरीले जानकारी दिएको छ । मकवानपुरका तीन युवा खुकुरीप्रहार गर्ने छोरा निरजको समूहमा संलग्न भएको आरोपमा पक्राउ परेका छन् ।

खुकुरी प्रहारबाट देवेन्द्र गम्भीर घाइते भएका छन् । सुरुमा उनको उपचार मीनभवनस्थित सिभिल अस्पतालमा भएको थियो । तर, अवस्था गम्भीर भएपछि उनलाई नर्भिक अस्पताल रिफर गरिएको प्रहरीले जनाएको छ । उनको टाउको चोट लागेको र बोल्न नसक्ने अवस्थामा रहेको प्रहरीले जनाएको छ । यही घटनामा चितवन घरभई शंखमूल बस्दै आएका २२ वर्षीय सुरज रेग्मी पनि घाइते भएका छन् ।

सोमबार राति बाबुछोराको समूहबीच झडप भएको प्रहरीले जानकारी दिएको छ । प्रहरीले यो प्रकरणमा छोरा निरजसहित २४ जनालाई पक्राउ गरी हिरासतमा राखेको हो । २४ जनामध्ये मकवानपुर हेटौंडा घरभई हाल ललितपुर चापागाउँ बस्ने वर्ष २८ का भीमलाल वाइबा, मकवानपुर घरभई हाल काठमाडौं चापागाउँ बस्ने २७ वर्षीय मनिष थिङ र मकवानपुर हेटौंडा घरहुने ३५ वर्षीय संचारसिंह भोलन पक्राउ परेका हुन् । प्रहरीले घटनाको अनुसन्धान जारी राखेको बताएको छ ।

# चित्लाङमा जिल्लास्तरीय भलिबल प्रतियोगिताको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ स्वच्छन्दभैरव युवा क्लवको आयोजनामा थाहा नगरपालिका-९ स्थित चित्लाङमा जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

प्रतियोगिताको लागि पुस २४ गतेसम्म टिम दर्ता गरिसक्नुपर्ने भनेर क्लवले सूचना जारी गरेको छ । युवालाई भलिबल खेलतर्फ जागरुक बनाउने उद्देश्यले हरेक वर्ष स्वच्छन्दभैरव युवा क्लवले प्रतियोगिता आयोजना गर्दै आइरहेको अध्यक्ष पुण्यमान बलामीले जानकारी दिए । गतवर्ष २७ वटा टिमले सहभागिता जनाएको प्रतियोगिताको विजेता बज्रबाराहीको कोटदरबार भएको थियो ।

गतवर्ष प्रथम पुरस्कार ५१ हजार, द्वितीय पुरस्कार २५ हजार र तेस्रो पुरस्कार १५ हजार रुपैयाँ दिएकोमा यसवर्ष पुरस्कारको राशिमा वृद्धि गर्ने लक्ष्य रहेको उनले बताए । पुस २२ गतेसम्म प्रतियोगिताको लागि १० वटा टिमले दर्ता गरिसकेको उनले बताए । माघ १ गतेसम्म आयोजना हुने प्रतियोगितामा करिब ४ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

स्वच्छन्दभैरव युवा क्लवले आयोजना गर्न लागेको यो प्रतियोगिता २७ औँ संस्करण हो । प्रतियोगिताको उद्घाटन थाहा नगर पालिका-९ का वडाध्यक्ष राजकुमार बलामीले गर्ने छन् भने समापन मकवानपुर प्रतिनिधिसभा सदस्य महेश बर्तौलाले गर्ने आयोजकले जनाएको छ ।

# राक्सिराङका लामा पर्साबाट गाँजासहित पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/सशस्त्र प्रहरी बल (एपिएफ) ले पर्साबाट १ सय ६८ किलो लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा एकजना मकवानपुरका युवा छन् ।

प्रस्तावित सीमासुरक्षा गुल्म भिखमपुरको टोलीले मंगलबार जगरनाथपुर गाउँपालिका-४ स्थित हरपुरबाट अबैध लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको हो ।

प्रहरीले मकवानपुरको र ाक्सिराङ गाउँपालिका-४ बस्ने अन्दाजी २२ वर्षीय राजु लामा र बेनिघाटरोराङ गाउँपालिका-४ बस्ने अन्दाजी २० वर्षीय समिर तामाङलाई गाँजा ओसारपसारको आरोपमा पक्राउ गरेको हो । उनीहरु गाडीको सहचालक तथा चालक रहेका छन् ।

वीरगंजबाट ठोरी जाँदै गरेको बा ११ च ९६८६ नम्बरको बलेरो पिकअप गाडीमा फल्सबटम बनाएर १६ वटा पोकामा लुकाएर लैजाँदै गरेको करिब १ सय ६८ किलो लागुऔषध गाँजासहित तामाङ र लामालाई पक्राउ गरिएको सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए । थापाका अनुसार उनीहरुबाट ७८ हजार ५ सय नेपाली रुपैयाँ र दुईथान मोबाइल समेत बरामद भएको छ । आवश्यक कारबाहीको लागि इलाका प्रहरी कार्यालय पोखरीयामा बुझाइएको उनले बताए ।

# ८ कक्षाको परीक्षा व्यवस्थापन अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/थाहा नगरपालिकाको शिक्षाशाखाले ८ कक्षाको परीक्षा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरेको छ । थाहा नगरपालिका-१, स्थित सुनौला सामुदायिक सिकाई केन्द्रमा कार्यक्रम आयोजना गरिएको हो ।

केन्द्रका अध्यक्ष रुपचन्द्र गोपालीको अध्यक्षतामा कार्यक्रम भएको हो । थाहा नगरपालिको ८ कक्षा सञ्चालित सामुदायिक तथा संस्थागत २५ विद्यालयका शिक्षकहरु सहभागी कार्यक्रम थाहा नगरपालिका-१ का वडाअध्यक्ष हेरमान गोपालीको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा थाहा नगर पालिकाका शिक्षा शाखाप्रमुख माधवविक्रम मल्ल, शिक्षा तथा मानव श्रोतविकास केन्द्र सानोठिमीका तथ्यांक अधिकृत सुशील पौडेल, शाखाअधिकृत प्रवीणबाबु भट्टराई, प्याब्सन थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधान लगायतको उपस्थिति रहेको कार्यक्रममा सहभागी झम्केश्वरी माविका शिक्षक जर्मलाल श्रेष्ठले जानकारी दिए ।

# आधारभूत केशश्रृंगार तथा सौन्दर्य तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/हेटौंडा उपमहानगरपालिका-६ चौघडास्थित नवजीवन ज्योति क्लबको आयोजना र व्यावसायिक सीप विकास तालिमकेन्द्र, हेटौंडाको सहयोगमा ३ महिने आधारभूत केशश्रृंगार तथा सौन्दर्य तालिम सुरु भएको छ ।

तालिमको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँले सीप सिकेर आत्मनिर्भर बन्न सहभागीलाई आग्रह गरेका छन् । नगरपालिकाले सीपको सदैव सम्मान गर्ने बताउँदै कर्मक्षेत्रमा काम गर्दा परेका समस्यामा सहयोग गर्ने बताए । सीप भएको मान्छेको सबैले कदर गर्ने भएकाले आफूले सिकेका सीप अरुलाई पनि सिकाउनुपर्नेमा बानियाँको जोड थियो । अनुपा घिमिरे, निर्मला गुरागाई र ईन्द्रावती तिमल्सिनाले सहजीकरण गर्ने तालिमा स्थानीय




२५ जना किशोरीको सहभागिता रहने क्लबले जनाएको छ ।

कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, ब्यावसायिक तथा सीप विकास तालिमकेन्द्रका प्रमुख अशेष खड्का, लेखाअधिकृत डोरबहादुर खड्का, टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुव अधिकारी, प्रशिक्षक नवराज पौडेल, क्लबका निवर्तमान अध्यक्ष गणेशकुमार श्रेष्ठ, श्यामप्रसाद श्रेष्ठ, नेपाल पत्रकार महासंघ, बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, सञ्चारकर्मी भीमसेन पौडेल, क्लबका सचिव राजकुमार फुँयाल, सहसचिव शोभा घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

# बसामाडीमा नि:शुल्क स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/हेटौंडा उपमहानगरपालिका-३ बसामाडीमा नि:शुल्क स्वास्थ्य शिविर भएको छ । बसामाडी स्वास्थ्यचौकी हेटौंडा-३ को आयोजना तथा ३ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा एक दिने नि:शुल्क स्वास्थ्य शिविर भएको हो ।

स्वास्थ्य शिविरमा सुगर तथा प्रेसर चेकजाँच, स्वास्थ्य परीक्षण, स्वास्थ्य शिक्षाका साथमा नि:शुल्क औषधिसमेत वितरण गरिएको थियो । बसामाडी स्वास्थ्यचौकीमा भएको शिविरमा वडामा बसोबास गर्ने ४० जनाले इसीजी सेवा, ८० जनाले सुगर



चेकजाँच सेवा र २ सय १५ जनाले नि:शुल्क स्वास्थ्य परीक्षण सेवा लिएको स्वास्थ्यचौकी प्रमुख सुष्मा गौतमले जानकारी दिइन् ।

शिविरमा नि:शुल्क औषधिको सेवा समेत उपलब्ध गराइएको थियो । शिविरमा ३ नम्बर वडाअध्यक्ष ढलक बहादुर थापा, वडासदस्य हर्कबहादुर पाखिन, वडासचिव महेन्द्र चापागाई, स्वास्थ्यचौकी ब्यबस्थापन समितिका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो ।

# १६ जना डीआईजीको सरुवा, सबै प्रदेशका प्रहरी प्रमुख फेरिए



काठमाडौं, २४ पुस/ नेपाल प्रहरीका १६ जना प्रहरी नायब महानिरीक्षक (डीआईजी) को सरुवा भएको छ ।

गृह मन्त्रालयमा मंगलबार बसेको गृहमन्त्रीस्तरीय बैठकले प्रहरी नायव महानिरीक्षक (डीआईजी)हरूको काज सरूवा गरेको हो । जसअनुसार सबै प्रदेशका प्रहरी कार्यालय प्रमुख पनि फेरिएका छन् ।

गृह मन्त्रालयले अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालमा कार्यरत डीआईजी चन्द्र कुबेर खापुङलाई कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर सरूवा गरेको छ भने प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जमा कार्यररत यज्ञ विनोद पोखरेललाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर काज सरूवा गरिएको छ ।

यस्तै गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरामा कार्यरत डीआईजी बुद्धिराज तामाङलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा ल्याइएको छ भने बागमती प्रदेश प्रहरी कार्यालयमा कार्यरत डीआईजी किरण राणालाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्ज तानिएको छ ।

## दूरसञ्चार प्राधिकरणका अध्यक्ष खनालको राजीनामा स्वीकृत

काठमाडौं, २४ पुस/ नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालको राजीनामा स्वीकृत भएको छ । मंगलबार बसेको मन्त्रिपरिषद बैठकले खनालले पेश गरेको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ ।

प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय पनि मन्त्रिपरिषद बैठकले गरेको छ ।

रिक्त पदमा दूरसञ्चार प्राधिकरणका सदस्य नवराज अधिकारीलाई अर्को व्यवस्था नभएसम्मका लागि कार्यवाहक अध्यक्ष तोक्ने निर्णय पनि भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिएकी छिन् ।

बैठकले राष्ट्रिय विकास परिषदमा नेपाल सरकारबाट मनोनयन हुने विभिन्न जिल्ला समन्वय समिति, स्थानीय तह, विभिन्न निकायका पदाधिकारी, व्यक्तिहरुमध्येबाट २५ जना सदस्यहरु मनोनयन गर्नेनिर्णय पनि गरेको छ ।

यसैगरी नेपाल सरकार मन्त्रिपरिषदबाट विभिन्न मितिमा शहीद घोषणा भई विवरण फरक परेकाहरुको विवरण सच्याउने, नेपाल राजपत्रमा प्रकाशन हुन छूट शहीदहरुको नाम प्रकाशन गर्ने र थप शहीद घोषणा गर्ने निर्णय पनि भएको छ ।

**सूचना सच्याइएको बारे ।**

*(प्रकाशित मिति (२०८०/०९/२५)*

मिति २०८०/०९/२४ गते साझाकुरा राष्ट्रिय दैनिकमा प्रकाशित *कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना* मा फारम भर्ने म्याद **'३० (तीस) दिन'** हुनुपर्नेमा अन्यथा हुन गएकोले सो सूचना सच्याइएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

**क्याम्पस प्रमुख**
**मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा**

**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**
प्रधान कार्यालय, रामशाहपथ काठमाडौं

**कार्यालयको लागि घर भाडामा लिने बारे सूचना**

*(दोस्रो पटक सूचना प्रकाशित भएको मिति: २०८०/०९/२५ गते)*

यस कम्पनीको हेटौडास्थित शाखा कार्यालयको लागि तपसिल बमोजिम सुविधा भएको घर भाडामा लिन आवश्यक भएको हुंदा यो सूचना स्थानीय पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात)औं दिनको ३:०० (तीन बजे) (सो दिन बिदा परेमा, कार्यालय खुलेको पहिलो दिन) भित्र घर भाडामा दिन इच्छुक घर धनी/संस्था/कम्पनीबाट सिलबन्दी प्रस्ताव आरुवान गरिन्छ । रितपूर्वक म्यादभित्र प्राप्त हुनआएका प्रस्तावहरू म्याद समाप्त भएको भोलिपल्ट दिनको २:०० (दुई) बजे (सो दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) प्रस्तावकहरूको रोहवरमा यस कम्पनीको प्रधान कार्यालयमा खोलिने छ । सो समयमा कुनै प्रस्तावकहरू उपस्थित नभएमा पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

१. **घर आवश्यक क्षेत्र**:- हेटौडा उपमहानगरपालिका वडा नम्बर ४ अजरअम्मर रोडबाट दाँया-बाँया ५० मिटर टाढासम्म

२. **भाडामा लिन खोजेको घरको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण**:-
(क) कार्यालय रहने उपयुक्त वातावरण/परिसर भएको हुनु पर्नेछ ।
(ख) घर कम्तिमा चार कोठा पर्याप्त प्यासेज वा पाँच कोठा भएको हुनु पर्नेछ ।
(ग) घरसम्म जाने मोटर बाटो हुनु पर्नेछ ।
(घ) घर परिसरमा मोटरसाईकल पार्किङ गर्न सकिने पर्याप्त पार्किङ क्षमता तथा व्यवस्था भएको हुनु पर्नेछ ।
(ङ) पानी तथा ढल, बिजुली आदिको पर्याप्त व्यवस्था भएको हुनु पर्नेछ ।

३. **प्रस्ताव पेश गर्ने तरिका र पेश गर्नुपर्ने न्यूनतम वितरण**:- घर रहेको जग्गाको जग्गाधनि प्रमाणपूर्जा, तिरो तिरेको रसिद र नक्सा पासको फोटोकपीसहित भाडामा दिन चाहेको मासिक भाडादर अङ्क र अक्षरमा समेत खुलाई घर जग्गा धनीको नाम, ठेगाना, सम्पर्क नम्बरसमेत उल्लेख गरी सिलबन्दी दरखास्त (प्रस्ताव) दिनु पर्नेछ ।

४. **प्रस्ताव दाखिला गर्ने स्थान**: कम्पनीको प्रधान कार्यालय, रामशाहपथ स्थित सामान्य प्रशासन शाखा ।

५. **घर भाडा भुक्तानी सर्तहरू र करकट्टी विवरण**:- मासिक रुपमा भाडा रकम भुक्तानी गरिने र भाडा भुक्तानी गर्दा नियमानुसार अग्रिम करकट्टी गरी भुक्तानी गरिनेछ ।

६. तोकिएको म्याद नाघी आएका वा रितपूर्वक नआएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । घर भाडामा लिने वा नलिने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

**बिस्तृत जानकारीका लागि:**
**राष्ट्रिय बीमा कम्पनी लि.**
**प्रधान कार्यालय, रामशाहपथ**
**काठमाडौं, फोन नं.: ०१-५३५८८६६ फ्याक्स: ०१-५३५८७२१**

**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना